# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## लिखु गाउँपालिका
## ओखलढुंगा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फछ्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(प्रदेश नं. १ )

पत्र संख्या: २०७८।७९
च.नं. ४११
मिति: २०७९।३।२०

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढंगा ।

**कैफियतसहितको राय**

हामीले लिखु गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू. २ करोड ९१ लाख १६ हजार बेरुजु देखिएकोमा प्रतिकृया प्रमाण पेश हुन आएको छैन । उक्त बेरुजुमध्ये असुल गर्नुपर्ने रू. २५ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.९१ लाख १४ हजार, नियमित गर्नुपर्ने रू. १ करोड ७२ लाख ८ हजार र पेश्की रू.२ लाख २० हजार रहेको छ ।पालिकाको गत वर्ष रु ३ करोड ८७ लाख ३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु ६ करोड १८ लाखा २३ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

## लिखु गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोध भर्ना नलिएको | जम्मा | |
| ४४ | ७७ | २९११६ | ० | ० | ० | ४४ | ७७ | २९११६ | २५७४ | १७२०८ | ९११४ | ० | ० | २६३२२ | २२० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| पालिकाको नाम | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लिखु गाउँपालिका, ओखलढुंगा | ३८७०३ | ० | ५९९६ | ३२७०७ | ० | २९११६ | ६१८२३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : लिखु गाउँपालिका, ओखलढुंगा , लिखु गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अभय कुमार गुप्ता | २०७७-१-१ | २०७८-६-२५ |
| कार्यालय प्रमुख | दिनानाथ चौधरी | २०७८-६-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बलराम फुयल | २०७६-८-२४ | |
| | | बेरुजु रकम | २९,११५,९३६ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ८०,६१,९४६ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८,२७,०९,०८० | चालु खर्च | ३१,२८,४१,२३३.८ |
| प्रदेश सरकारबाट अनुदान | १,९५,८९,००० | पूँजीगत खर्च | ८,९५,७२,४२३.५४ |
| राजश्व बाँडफाँट | ४,७४,६३,८६९.३८ | वित्तीय/अन्य व्यवस्था | ० |
| आन्तरिक आय | ४०,१०,९०३.६९ | | |
| अन्य आय | ७,५१,५६,११३.७३ | | |
| कुल आय | ४२,८९,२८,९६६.८ | कुल खर्च | ४०,२४,१३,६५७.३४ |
| बाँकी मौज्दात | | ३,४५,७७,२५५.४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**स्थापन, उद्देश्य र कार्यक्षेत्रः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ८८.०३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ९ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या १४ हजार ४९ जना रहेको छ । | |
| २ | | | **वित्तिय प्रतिवेदन** | |

| वित्तीय प्रतिवेदन | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४६१५३२५९९ | ४२८११३९७० | ८१५००० | ४२८९२८९६६ | १२७६६७८९ | ३०७३१४७९४ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३७५८५०८७० | ३५२९५७८५७ | ८१५००० | ३५३७७२८५३ | १२७६६७८९ | ३०२०९२४९८ |
| ११००० कर | ११ | ६०७१०२९० | ४७४६३८६९ | ० | ४७४६३८६९ | ० | ३६३५२५६६ |
| १३००० अनुदान | | ३१२९४३०८० | ३०१४८३०८४ | ८१५००० | ३०२२९८०८० | १२७६६७८९ | २६५४५९२४३ |
| संघीय सरकार | १२ | २९३३५४०८० | २८१८९४०८४ | ८१५००० | २८२७०९०८० | १२७६६७८९ | २३३१८२७८९ |
| प्रदेश सरकार | १२ | १९५८९००० | १९५८९००० | ० | १९५८९००० | ० | ३२२७६४५४ |
| १४००० अन्य राजस्व | | २१९७५०० | ४०१०९०४ | ० | ४०१०९०४ | ० | ० |
| ख. अन्य प्राप्ति | | ८५६८१७२९ | ७५१५६११४ | ० | ७५१५६११४ | | ५२२२२९७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कोषहरु | | १४८६५७२९ | ९९४८८१२ | ० | ९९४८८१२ | ० | ४१५०३८९ | |
| | | | धरौटी | | | २६३७१८२ | ० | २६३७१८२ | ० | १०७१९०८ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७०८१६००० | ६२५७०१२० | ० | ६२५७०१२० | ० | ७११२००९६ | |
| | | | भुक्तानी (ग+घ) | | ४८४५४८०९९ | ४०१६९८१३२ | ७१५५२५ | ४०२४१३६५७ | ८२१११८५ | २८२११३९७५ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३९८८६६३७० | ३२४२१३२११ | ७१५५२५ | ३२४९२८७३६ | ८२१११८५ | २७८०७९३९३ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ४७०१०५०० | ४२६८४२७६ | ० | ४२६८४२७६ | ० | १०८५७३३५८ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ८४६४३८७० | ६६४६८९८९ | ७१५५२५ | ६७१८४५१४ | ४५१११३० | ५११२३७३८ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १८२७६००० | १४७६६२५५ | ० | १४७६६२५५ | ० | ६६६९९४९ | |
| | | | २६००० अनुदान | १८ | १०२७८१००० | १०००३१७५१ | ० | १०००३१७५१ | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १०१३०००० | ९७१२०१७ | ० | ९७१२०१७ | ० | १६४०८९८ | |
| | | | २८००० अन्य खर्च | १८ | १५५४००० | ९७७५०० | ० | ९७७५०० | ० | ४९६४५० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३४४७१००० | ८९५७२४२४ | ० | ८९५७२४२४ | ३७०००५५ | १०९५७५००१ | |
| | | | घ. अन्य भूक्तानी | | ८५६८१७२९ | ७७४८४९२१ | ० | ७७४८४९२१ | ८२१११८५ | २८२११३९७५ | |
| | | | कोषहरु | | १४८६५७२९ | १४३६८४०१ | ० | १४३६८४०१ | ० | ३६०८०३७ | |
| | | | धरौटी | | ० | ५४६४०० | ० | ५४६४०० | ० | ४२६५४५ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७०८१६००० | ६२५७०१२० | ० | ६२५७०१२० | ७११२००९६ | ७११२००९६ | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | ० | ० | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -२३०१५५०० | २६४१५८३८ | ९९४७५ | २६५१५३०९ | ४५५५६०४ | २५२००८१९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| छ. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ० | ८०६१९४६ | ० | ८०६१९४६ | | १९६२५५१३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -२३०१५५०० | ३४४७७७८४ | ९९४७५ | ३४५७७२५५ | ४५५५६०४ | ४४८२६३३२ |
| बैंक तथा नगद बाकी | २४ | | ३४५७७२५५ | | ३४५७७२५५ | | ४४६८५१८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरुजू रु १५११८५/- दाखिला भएको प्रमाण पेश भएको छ । | |
| ४ | | | **वित्तिय विवरण** | |
| ४.१ | | | सुत्रको प्रयोग: गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ। सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ। तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अक्तियारी मार्फत प्राप्त भएको रकम तथा धरौटी प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन। | |
| ४.२ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था गरेकोमा चालु खर्च खातमा रु १७३२७०५६.१२ र पुँजिगत खर्च खातामा रु १४६१८७२७.४६ वांकी रहेको देखिएकोमा आर्थिक वर्षको अन्त्यमा स्थानिय संचितकोषमा फिर्ता गरेको देखिएन। | |
| ५ | | | **बजेट तथा कार्यक्रम** | |
| ५.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समितिले बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। सोको पालना गरेको देखिएन। | |
| ५.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **क्षेत्रगत बजेट र खर्च:**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><br>(तालिका तल)<br><br>कुल वजेट रु ३९८८६६३७० विनियोजन गरेकोमा आर्थिक विकासमा सवैभन्दा घटि ५८.५६ प्रतिशत र पुर्वाधार विकासमा ६७.३० प्रतिशत मात्र खर्च भएको देखिन्छ। सवै भन्दा वढि कार्यलय संचालन तथा प्रसासनिक शिर्षकमा ८९.१६ प्रतिशत खर्च गरेको देखिन्छ। समग्रमा पालिकाले विनियोजनको ८१.4६ प्रतिशत खर्च गरेको छ। | |
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |

| क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|
| आर्थिक विकास | ४४१९७००० | २५८८३५५३.३८ | ५८.५६ | १८३१३४४६.६२ |
| सामाजिक विकास | १८५८९७००० | १७०२९७१३२.३२ | ९१.६१ | १५५९९८६७.६८ |
| पूर्वाधार विकास | ८८६३०००० | ५९६४९०२८.८७ | ६७.३ | २८९८०९७१.१३ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६१००००० | १२००१९६३.६१ | ७४.५५ | ४०९८०३६.३९ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ६४०४२३७० | ५७०९७०५८.१८ | ८९.१६ | ६९४५३११.८२ |
| कुल जम्मा | ३९८८६६३७० | ३२४९२८७३६.३६ | ८१.४६ | ७३९३७६३३.६४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था गरेकोमा सो वमोजिम तथ्यांक सैकलन अभिलेखाङ्कन र व्यवस्थापन गरेको पाईएन।<br>• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी अध्यावधिक गर्नुपर्दछ।<br>• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली नियम ७९ अनुसूची ११ वमोजिम कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार गरेको देखिएन।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले व्यवसथा भए बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकामा गठन भएका उपभोक्ता समिति सो वमोजिम दर्ता गरेको देखिएन।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यसपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममारहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएकोपालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगतकार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तरपालिकाले सो वमोजिम गरेको देखिएन। | |
| ७.२ | | | सूचना प्रविधी पद्दतिः<br>सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन।<br>सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन। | |
| ७.३ | | | सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । तर पालिकाले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र म. ले. प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता अद्यावधिक राखेको देखिएन। | |
| ७.४ | | | म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.५ | | | बेरुजु लगतः म. ले. प. फाराम म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख राखेको देखिएन। | |
| ७.६ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायिव नियमावली २०७७ को नियम ६४ वमोजिम गोश्वारा धरौटी खाता र व्याक्तिगत धरौटी खाता अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले गोश्वारा धरौटी खाता र व्यक्तिगत अभिलेख राखेको देखिएन। | |
| ८ | | | **कर्मचारी व्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १२९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ९ | | | **अवकास कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा गाउँपालिकाको कामकर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यसबर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ । | |

| क्र.स. | विवरण | निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ४४६ | ४४६ | |
| ३ | नाता प्रमाणित | ४८४ | ४८४ | |
| ४ | जन्म तथा मृत्यू | ७८७ | ७८७ | |
| ८ | अन्य | २६६१ | २६६१ | |
| | जम्मा | ४३७८ | ४३७८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **अनुगमन**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पर्‍याउनुपर्ने देखिन्छ । | |
| १२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ११७५०००/- सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **पदाधिकारी यातायात सुविधा**<br>**पदाधिकारी यातायात खर्च**- गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (क) को क्र.सं. ११ मा सवारी साधन सुविधा नलिएका पदाधिकारीहरु अध्यक्ष र उपाध्यक्ष, वडाध्क्षय, कार्यपालिका सदस्य तथा वडा सदस्यहरुलाई क्रमश मासिक रु १००००/-, ४०००/-, २५००/- र २०००/- यातायात खर्च सम्बन्धी व्यवस्था गरेको छ । नमुना परीक्षणको क्रममा गाउँपालिकाको जिन्सी अभिलेख अनुसार देहायका पदाधिकारीहरुले मोटरसाईकल वुझिलिई सवारी साधन सुविधा लिएको र मासिक रुपमा यातायात खर्च समेत भुक्तानी भएको देखिएकोले दोहोरो सुविधा उपलव्ध भएको हुँदा दोहोरो सुविधा लिने पदाधिकारीहरूबाट निम्नानुसारको रकम असूल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ६६५,२८० |

| क्र.सं. | पदाधिकारीको नाम | मासिक भुक्तानी | वार्षिक भुक्तानी कर बाहेक |
|---|---|---|---|
| १ | अध्यक्ष गोविन्द बहादुर पौडेल | १०००० | ११८८०० |
| २ | उपाध्यक्ष शान्ता ढुंगेल | १०००० | ११८८०० |
| ३ | वडाध्यक्ष कुमार सुवेदी | ४००० | ४७५२० |
| ४ | वडाध्यक्ष रामहरी बुढाथोकी | ४००० | ४७५२० |
| ५ | वडाध्यक्ष गोपाल खड्का | ४००० | ४७५२० |
| ६ | वडाध्यक्ष घनबहादुर कार्की | ४००० | ४७५२० |
| ७ | वडाध्यक्ष गोपाल भट्टराई खत्री | ४००० | ४७५२० |
| ८ | वडाध्यक्ष टिका क्याप्छाकी मगर | ४००० | ४७५२० |
| ९ | वडाध्यक्ष वेदबहादुर कार्की | ४००० | ४७५२० |
| १० | वडाध्यक्ष विशाल पौडेल | ४००० | ४७५२० |
| ११ | वडाध्यक्ष सुकविर तामाङ | ४००० | ४७५२० |
| | जम्मा | | ६६५२८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधा वापत रु ३९६७५४३ /- खर्च गरेकोमा पालिकाको आन्तरिक आय रु ६८२२००० /- रहेको छ । आन्तरिक आयको तुलनामा बढी खर्च भएको देखिएको छ । पालिकाले आन्तरिक आयको परिधि भित्र रहि खर्च गर्नु पर्दछ । | |
| १५ | | | **कानून निर्माण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २७ वटा ऐन, १३ वटा नियमावली, ३२ कार्यविधि तथा निर्देशिकाहरु जम्मा ७२ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले सबै कानून वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले स्वीकत गरी छापिएका कानूनहरुको कार्यान्वयनमा दिनुपर्दछ । | |
| १६ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष ५ उजुरी तथा विवाद जिम्मेवारी सारेको तथा ६ विवाद दर्ता भइ जम्मा ११ विवाद भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ५ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १७ | | | **आन्तरिक राजस्व** | |
| १७.१ | | | **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ । | |
| १७.२ | | | पालिकाको आन्तरिक राजस्वको वैक स्टटमेन्ट अनुसार ४०१०९०३/- दाखिला भएको मा श्रेस्तानुसार ३९६७५४२/- मात्र देखिएको छ भने पालिकाको राजस्व व्यवस्थापन सूचना प्रणालीमा रु ३८६१०११/०२ जम्मा भएको देखिएको छ । राजस्वको बैक स्टेटमेन्ट र श्रेस्ता र प्रणाली बीच भिडान गरिनु पर्दछ । साथै पालिकाले आम्दानी बाँधेको श्रेस्ताको परीक्षण गर्दा बैक भौचर मात्र समावेश गरेको पाइयो । दाखिला गरेको रकम कुन कुन शीर्षक तथा मितिको हो खुलेको छैन । दाखिला भएको रकम प्रमाणित हुने कागजात राखिनुपर्दछ । | |
| १७.३ | | | **रसिद नियन्त्रण खाताः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) अनुसार स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत लेखाढाँचा प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक आय बापत प्राप्त हुने कर, सेवा शुल्क, दस्तुर लगायतको राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संकलन गर्ने गरेकोमा कार्यालयमा वार्षिक राजस्व संकलनमा प्रयोग हुने मलेप फारम १०५ ,१०८ लगायतका फारमहरु प्रयोग भएको पाईएन । तोकिएको ढाँचामा रहेको मलेप फारमहरुको प्रयोग गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **खरिद व्यवस्थापन** | |
| १८.१ | | | कार्य सम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। | |
| १८.२ | | | खरिद संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा गुणस्तर परीक्षण र निरीक्षण गर्नुपर्ने निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा उपभोक्ता समिति तर्फको कामको निर्माण सामाग्रीको परीक्षण गरेको नदेखिएकोले निर्माण कार्यको गुणस्तरमा आश्वस्थ हुन सकिएन। | |
| १८.३ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गर्नुपर्ने साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ र त्यस्तो सार्वजनिक सुनुवाईको क्रममा सेवाग्राही समक्ष प्रतिबद्धता जनाएका कुराहरु पूरा गर्न कार्यालयले गरेका प्रयासहरुबारे जानकारी दिनु पर्ने व्यवस्था गरेको छ। तर पालिकाले नियमित रुपमा परीपालना गरेको देखिएन। | |
| १९ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १९.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ ९५ र ९६ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत र संरक्षणको व्यवस्था रहेको छ। कार्यालयमा २०७८ असार मसान्तमा मौज्दात रहेका सबै जिन्सी सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली Public Asset Management System-PAMS मा प्रविष्ट गरि वार्षिक मौज्दात विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन। | |
| १९.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिमको जिन्सी प्रतिवेदन तयार गरेको देखिएन। | |
| १९.३ | | | पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम अनुगमन गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **सशर्त अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ वमोजिम संघिय सञ्चित कोष प्रदेश तथा स्थानिय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुन सुकै खातामा वांकी रहेको सशर्त अनुदान समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्वन्धित स्थानिय तहले संघिय संचितकोषमा फिर्ता गर्नुपर्ने कुनै कारणवस सोही आर्थिक वर्ष भित्र रकम फिर्ता गर्न नसकेमा आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र फिर्ता गरी सक्नुपर्ने व्यवस्था छ। पालिकाले मिति २०७८।५।२३ मा मात्र रु १७३४३१३१।८९ संघिय संचित कोष र ४८१७५६२ प्रदेश संचितकोषमा फिर्ता गरेको छ। | |
| २१ | | | **सिकाई सहजिकरण कार्यक्रम**<br>कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रिया २०७७ को बुँदा नं. १.२(क) मा शिक्षक तथा विद्यार्थीलाई CUG सेवामा आबद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थीहरु संख्या यकिन गरी प्रति विद्यार्थी मासिक रु. १२५ का दरले ३ महिनाको रकम उपलब्ध गराउने व्यवस्था गरेको छ । पालिकाले देहायको विद्यालयमा रकम निकासा गर्दा अभिभावक तथा शिक्षकको संख्या समेत समावेश गरी निकासा माग गरेकोमा अभिभावक तथा शिक्षकको लागि निकासाको व्यवस्था नभएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट फिर्ता गर्नु पर्ने रु. | १०१,२५० |

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | अभिभावक संख्या | जम्मा संख्या | रकम निकासा |
|---|---|---|---|---|---|
| १ | जन जीवन मावि | १७ | ८ | २५ | ९३७५ |
| २ | लेति मावि | ११ | ० | ११ | ४१२५ |
| ३ | पोखरी आवि | ७ | २ | ९ | ३३७५ |
| ४ | श्री लाब्राङ आवि | १० | ० | १० | ३७५० |
| ५ | श्री पाटन देवि आवि | ६ | ७ | १३ | ४८७५ |
| ६ | श्री जाल्पा मावि | १४ | ० | १४ | ५२५० |
| ७ | श्री कालिका आवि | ५ | १२ | १७ | ६३७५ |
| ८ | श्री ग्रा.यु.सि. मावि | २१ | ९ | ३० | ११२५० |
| ९ | श्री राम्चेग्रामविका | ५ | ० | ० | १८७५ |
| १० | श्री यसम मावि | १५ | ५ | २० | ७५०० |
| ११ | श्री वरडाँडाआवि | १० | ८ | १८ | ६७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | श्री गणेश आवि | ५ | ० | ५ | १८७५ |
| १२ | श्री सिद्धमनपुर आवि | ४ | १८ | २२ | ८२५० |
| १३ | श्री भिमसेनस्थान मावि | १४ | ० | १४ | ५२५० |
| १४ | श्री गोरखनाथ आवि | ५ | १५ | २० | ७५०० |
| १५ | श्री ज्ञानज्योति मावि | १६ | १० | २५ | ९३७५ |
| १६ | श्री च्युरीडाँडा मावि | १२ | ० | १२ | ४५०० |
| | जम्मा | | | | १०१२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | 183 | २०७८-१-२८ | **छात्रबृत्ति**<br>सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि तोकिएको फिडर, अपाङ, दलित तथा छात्रा छात्रवृति बापत रु. ५०५६००/- रकम विद्यालय खातामा निकासा गरेको छ । कोविड-१९ को कारण विद्यालयहरु बन्द रहेको अवस्थामा विद्यालयले तोकिएको आधारमा छात्रवृत्ति पाउने विद्यार्थीलाई रकम बुझाएको अनुगमन प्रतिवेदन पेश नभएकोले उक्त प्रतिवेदन समेत लिई खर्च भएको सुनिश्चितता हुनुपर्ने रु. | ५०५,६०० |

| क्र.सं. | विद्यालयको नाम | रकम निकासा |
|---|---|---|
| १ | श्री जन जीवन मावि | ४९६०० |
| २ | श्री लेति मावि | ३०००० |
| ३ | श्री पोखरी आवि | ३३६०० |
| ४ | श्री लाब्राङ आवि | १४४०० |
| ५ | श्री पाटन देवि आवि | ९६०० |
| ६ | श्री जाल्पा मावि | ३०८०० |
| ७ | श्री मनकामना आवि | ७२०० |
| ८ | श्री कालिका आवि | १४४०० |
| ९ | श्री ग्रा.यु.सि. मावि | ४१६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| १० | श्री ग्रमज्योती आवि | ४१६०० |
| ११ | श्री ग्रामोन्नती आवि | १२४०० |
| १२ | श्री राम्चेग्रामविका | २१२०० |
| १३ | श्री यसम मावि | ४३६०० |
| १४ | श्री वरडाँडाआवि | २७२०० |
| १५ | श्री गणेश आवि | ६४०० |
| १६ | श्री सिद्धमनपुर आवि | १५२०० |
| १७ | श्री भिमसेनस्थान मावि | ३६८०० |
| १८ | श्री गोरखनाथ आवि | ४८०० |
| १९ | श्री सेतिदेवी आवि | ५२०० |
| २० | श्री नर्मदेश्वर आवि | ५६०० |
| २१ | श्री ज्ञानज्योति मावि | ३०४०० |
| २२ | श्री च्युरीडाँडा मावि | २४००० |
| | जम्मा | ५०५६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | 172 | २०७८-१-२२ | **खर्चको सुनिश्चितता**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७ मा सामुदायिक सिकाई केन्द्र सञ्चालनको लागि सञ्चालन अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अध्ययन केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ । कोभिड-१९ को कारण २०७८ बैशाख देखि अध्ययन केन्द्र तथा सार्वजनिक गतिविधि समेत बन्द रहेको अवस्थामा निकासा दिएको निम्नानुसारको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता हुनुपर्ने रु... | ५२३,२०० |

| क्र.सं. | सामुदायिक सिकाई केन्द्रको नाम | निकासा रकम |
|---|---|---|
| १ | गणेश निधि सामुदायिक सिकाई केन्द्र | १७४४०० |
| २ | उज्यालो सामुदायिक सिकाई केन्द्र | १७४४०० |
| ३ | टारकेराबरी सिकाई केन्द्र | १७४४०० |
| | जम्मा | ५२३२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **शैक्षिक संस्थाहरुलाई सहायता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सुधारका लागि अनुदान बापत २१ विद्यालयलाई रु. १०५९८४०/- वितरण गरेको छ । उक्त रकम विद्यालयले कुन प्रयोजनका लागि खर्च गरे उल्लेख गरेको छैन । भुक्तानी दिएको रकम खर्च भएको पुष्टि हुने प्रमाण पेश हुनुपर्ने रु. | १,०५९,८४० |

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री लोति मा.वि. | १०६७६० |
| २ | श्री पोखरी आ.वि. | १६७२०० |
| ३ | श्री लाम्राङ मा.वि. | १२३२८० |
| ४ | श्री पाटन देवी आ.वि. | २८००० |
| ५ | श्री ग्रामज्योति आ.वि. | १४६८४० |
| ६ | श्री ग्रामोन्नति आ.वि. | ६३९२० |
| ७ | श्री राम्चेग्राम विकास आवि | ९९४४० |
| ८ | श्री यसम मा.वि. | ७०५२० |
| ९ | श्री वड डाँडा आवि | ८४९६० |
| १० | श्री भिमसेनस्थान मावि | ५४३६० |
| ११ | श्री गोरखनाथ आवि | ३७३६० |
| १२ | श्री ज्ञानज्योती मा.वि. | ७७२०० |
| | जम्मा | १०५९८४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **कोभिड १९ व्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५.१ | | | **अन्य खाता मार्फत कारोवारः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६९ मा स्थानीयतहलाई प्राप्त हुने सबै रकम स्थानीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरी दफा ६९(४) मा कोषमा जम्मा भएको रकम खर्च गर्ने सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने गरी तोकिएको छ । कार्यालयले कोभिड-१९ सँग सम्बन्धित खर्च गर्दा प्रकोष व्यवस्थापन कोष खातामा संघीय सरकारबाट प्राप्त भएको १००००००/- रकम आम्दानी बाँधी खर्च गरेको र चालू तर्फ प्रकोप व्यवस्थापन शीर्षकबाट १०५३९५९/- गरी जम्मा २०५३९५९/- खर्च भएको देखिएको छ । खर्च मध्येऔषधि एवं स्वास्थय उपकरण खरिदमा रु. ९२२५०२/-, जनशक्ति परिचालनमा रु.५८०४४२/- र अन्य खर्च रु २४५१७५/- खर्च गरेको देखिएको छ । कानूनमा भएको व्यवस्थाको पालना गरी कारोवार संचालन गर्नुपर्दछ । | |
| २५.२ | | | **खोप विवरणः** यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप ४१६६० डोज उपयोग भएको देखिएको छ । | |
| २६ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को परिच्छेद ५ मा पेश्की दिने र फछ्र्यौट सम्बन्धी व्यवस्था गरेको छ । साथै सार्वजनिक खरिद नियमावलीको नियम ११३ मा आपूर्तिकर्ता निर्माण व्यवसायी वा सेवा प्रदायकलाई पेश्की दिने तथा फछ्र्यौट व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार कर्मचारी तथा संस्थालाई उपलब्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म पनि फछ्र्यौट नभएकोले कानून बमोजिम फछ्र्यौट गर्नुपर्नु रु | २२०,००० |

| क्र.स | खोपको प्रकार | पहिलो डोज | दोश्रो डोज | थप डोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | भेरोसेल | ४४१४ | ४१४५ | १८७ | ८७४६ |
| २ | कोभिसिल्ड | २५७० | २२६३ | २५१० | ७३४३ |
| ३ | मोर्डना | १४६८ | १०२८ | २२७७ | ४७७३ |
| ४ | जोनसोन | ६७९ | 0 | ० | ६७९ |
| ५ | जम्मा | ९१३१ | ७४३६ | २५२९३ | ४१८६० |

| गो. भौ. न | मिति | पेश्कीको विवरण | रकम लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|---|---|
| १३३ | २०७७/११/२५ | सुन्तले सिंचाई पोखरी निर्माण लिखु २ | सुन्तले सिंचाई पोखरी निर्माण | १००००० | ० | १००००० |
| २४२ | २०७८/०२/२४ | सल्लेरी देविस्थान लक्ष्मिटार मोटरबाटो निर्माण लिखु १ | सल्लेरी देविस्थान लक्ष्मीटार मोटरवाटो निर्माण | १२०००० | ० | १२०००० |
| | | | जम्मा | २२०००० | ० | २२०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१) मा रु ५ लाख सम्मको मात्र मालसामान लागत अनुमान तयार गरी सुचिकृत तीनवटा फर्म वा कम्पनी संग दररेट माग गरी खरिद गर्न सकिने १ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकमको एउटै व्याक्ति फर्म कम्पनी वा संस्थावाट सोझै खरिद गर्न नसकिने व्यवस्था छ। तर गाउँपालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरिद गर्दा एउटै फर्मसंग पटक पटक खरिद गरेको नियमसंम्मत नदेखिएको रु
<table>
<tr><th>भौचर</th><th>मिति</th><th>विवरण</th><th>फर्म</th><th>रकम</th></tr>
<tr><td>१४</td><td>२०७७।६।१</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>थापा इन्टरप्राईजेज एण्ड सप्लायर्स</td><td>४२२९२५.४</td></tr>
<tr><td>२०७</td><td>२०७७।११।१८</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>थापा इन्टरप्राईजेज एण्ड सप्लायर्स</td><td>४५१५९३</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>८७४५१८</td></tr>
</table></td><td>८७४,५१८</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>नविकरणिय उर्जा</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>गाउंपालिकाको नविकरणिय उर्जा नीति २०७८ को अनुसुची ६ मा दुईमुखे चुलोको लागि अनुदान दिदा रु ३००० वा ५० प्रतिशत सम्म मात्र अनुदान दिन सकिने व्यवस्था गरेको छ। तर पालिकाले यस वर्ष १३५ थान cooking stove 2pots model no ICS S29 with chimny खरिद गर्न रु १४९०१९२ को लागत अनुमान तयार गरी सिलवन्दी दरभाउपत्रको माध्यमवाट हाईमेड अटोमेसन एण्ड ईन्जिनियरिङ सर्भिसेजसंग रु १४६४४८० मा मिति २०७८।३।९ मा आपुर्ति गर्नेगरी संझौता गरी खरिद गरेकोमा रु १२ लाख भुक्तानी गरेको छ र वांकी रकम लाभग्राहिले व्यहोर्ने जनाएको छ। उक्त चुलोको खरिद मुल्य रु १०८४८ रहेकोमा पालिकाले रु ८८८९ प्रतिगोटाका दरले व्यहोर्ने र वांकी रु १९६० लाभग्राहीले व्यहोर्ने उल्लेख गरेको छ। नीतिगत व्यवस्था वमोजिम लाभग्राहीवाट ५० प्रतिशत रु ५४२४ लागत सहभागी गराउनु पर्नेमा रु ३४६४ का दरले रु ४६७६४० घटी सहभागिता गराएको देखिएको रकम असुल गर्नुपर्ने रु</td><td>४६७,६४०</td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्याक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संकलन भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी गर्न रित पुगे नपुगेको जांच गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले लाभ ग्राही छनौट गर्दा सार्वजनिक सुचना जारी नगरेको तथा छनौट गर्ने आधार नलिई १३५ थान कुकिङ स्टोभ खरिद गरेकोमा लाभग्राहीलाई वितरण गर्नुपर्नेमा वितरण गरेको नदेखिएकोले वितरण गरेको भरपाई पेश हुनुपर्ने रु</td><td>१,२००,०००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>नमुना विद्यालय<br>कार्यसम्पन्न प्रतिवेदन कार्यक्रम कार्यक्रम पुस्तिका आ.व. २०७७/७८ मा नमुना विद्यालय अन्तरगत तोकिएको विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान उपलब्ध गराउने व्यवस्था अनुरूप तल उल्लेखित विद्यालयहरुलाई निकासा दिएको छ । नमुना विद्यालय युग कवि सिध्दिचरण उच्च माध्यमिक विद्यालयको अधुरो निर्माण कार्य सम्पन्न गर्न रु ७७२१५६४.८० को लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराउन उपभोक्ता समितिको अंश रु ८०६४३४.८० र सशर्त कार्यक्रम तर्फको रु ६९१५१३० गरी जम्मा रु ७७२१५६४।८० मध्ये कार्यसम्पन्न गर्न सशर्त कार्यक्रमको रकम विद्यालयको खातामा रु ७१२९००० निकासा गरेको अनियमित देखिएको रु</td><td>७,१२९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **भेरिएशन** | |

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा संझौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थिति सो संझौता कार्यान्वयनको क्रममा सिर्जना भई सार्वजनिक निकायले भेरीएसन आदेश जारी गर्नुपर्ने भएमा नियमावली भएको प्रकृया पूरागरी भेरिएशन जारी गर्नसक्ने व्यवस्था गरेको छ। तर निम्म अनुसारका निर्माण कार्यको घटिकार्य भएकोमा भेरीएसन आदेश जारी गरेको देखिएन। निर्माण कार्य गर्दा कामको परीमाण घटेको अवश्थामा संरचनाको गुणस्तरमा असर पर्न सक्ने हुदा कारण खुलाएर भेरिएसन आदेश जारि गर्नुपर्ने देखिन्छ।

| विवरण | निर्माण व्यवसायी | संझौता रकम | कार्य सम्पन्न | घटि काम | घटि काम |
|---|---|---|---|---|---|
| Site Development Work | शाक्य निर्माण सेवा | २१९८८५०.९१ | २०३४५६९. | १६४२८१.९१ | ७.४७ |
| राम्चा बाघखोरडांडा | गाउँवेशी कन्ट्रक्सन | २३६०५२८.५८ | २०७३६२७.९४ | २८६९००.६४ | १२.१५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **कार्य सम्पादन जमानत तथा विमाको अवधि** | |

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ। साथै नियम ११२ अनुसार १० लाख भन्दा वढी मुल्यको निर्माण कार्यको विमा त्रुटी सच्याउने अवधी भन्दा एक महिना वढी सम्म म्याद भएको हुनुपर्ने व्यवस्था गरेको छ। तर निम्न अनुसारका निर्माण कार्यको विमा तथा कार्यसम्पादनको म्याद कानुनमा तोकिए वमोजिमको अवधी सम्मको देखिएन। कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन। तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

